# व्याँस गाउँपालिका राजपत्र

खण्ड:... ४ संख्या:... २ मिति: २०७७/१०/२५

भाग-२

## एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि

# ब्याँस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# सुन्सेरा, दार्चुला

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

स्वीकृत मिति २०७७/१०/२५

प्रमाणिकरण मिति २०७७/१०/२५

# एम्बुलेन्स सञ्चालन सम्बन्धि कार्यबिधी, २०७७

2077/10/25

दिलिप सिंह बुढाथोकी
ब्याँस गा.पा (अध्यक्ष)

**प्रस्तावनाः**

भौगोलिक रुपमा बिकट दार्चुलाको ब्याँस गाउँपालिका भित्र बसोबास गर्ने जनसमुदाय लाइ बिरामी परेको बेला, घाउ चोटपटक लागी ब्यास गाउँपालिका भित्र रहेका स्वास्थय चौकिमा उपचार सम्भव नभई अन्य ठाउँ थप उपचार गर्नु परेको खण्डमा समयमै बिरामीलाई अस्पताल सम्म पुर्याउन नेपाल भारत मैत्री संघ को पहलमा भारतीय राजदुतावास काठमाण्डौ बाट यस ब्याँस गाउँपालिका लाई प्राप्त भएको एम्बुलेन्स लाई सुव्यवस्थित, पारदर्शी, प्रभावकारि ढंगले संचालन,व्यवस्थापन गर्नका लागि छुट्टै कानुनी व्यवस्था गर्न बान्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले ब्याँस गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यबिधीं २०७७ लागु गरेको छ ।

## परिच्छेद (१)

**संक्षिप्त नाम र प्रारम्भ**

१) **संक्षिप्त नाम र प्रारम्भ** :(क) यो कार्यबिधीको नाम ब्याँस गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धि कार्यबिधी, २०७७ रहेको छ ।

(ख) यो कार्यबिधी गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२) परिभाषा: **बिषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

क) एम्वुलेन्स भन्नाले ब्याँस गाउँपालिकाले सञ्चालन गर्ने एम्बुलेन्सलाई सम्फनु पर्नेछ ।

ख) ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्फनु पर्नेछ।

ग) गाउँपालिका भन्नाले ब्याँस गाउँपालिकालाई सम्फनु पर्नेछ ।

घ) गाउँसभा भन्नाले ब्याँस गाउँपालिकाको गाउँसभालाई सम्फनु पर्नेछ ।

ङ) समिति भन्नाले एम्बुलेन्स सञ्चालन र व्यवस्थापन को लागि गठन गरिएको समितिलाई सम्फनु पर्नेछ ।

च) कर्मचारी भन्नाले ब्याँस गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीलाई सम्फनु पर्नेछ । यस शब्दले एम्बुलेन्स चालक लाई समेत लाई सम्फनु पर्नेछ।

छ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले ब्याँस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भई काम गर्ने ब्याँस गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत लाई सम्फनु पर्नेछ ।

२०७८/१०/२५

दिलिप सिंह बुढाथोकी
ब्याँस गा.पा. (अध्यक्ष)

## परिच्छेद (२)

### एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

३ उदेश्य: यस कार्यबिधीको प्रमुख उदेश्य ब्याँस गाउँपालिकाका जनतालाई ब्याँस गाउँपालिकाका स्वास्थ्य चौकीमा उपचार सम्भव नभए थप उपचार का लागि अन्य अस्पताल सम्म पुर्याउन आकस्मिक आवश्यक सेवा प्रदान गरि जनताको स्वास्थ्य उपचारमा छिटो, छरितो र प्रभावकारिता ल्याउनु रहेको छ ।

४. छनौट र प्राथमिकता:

१) एम्बुलेन्सको उपयोगको लागि गाउँपालिका क्षेत्र भित्रका बासिन्दालाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानिय तहका सेवाग्राही लाई लिने सेवा शुल्कमा फरक हुने गरी कार्यबिधिमा उल्लेख गरेबमोजिमको रकम गाउँ कार्यपालिकाको बैठक बाट निर्णय भए पश्चात लागु हुनेछ ।

२) उप नियम (१) बमोजिम सेवा शुल्क लिदा सेवा उपयोग गर्ने व्यक्तिको स्थाई ठेगानालाई आधार मानिने छ ।

५.सञ्चालक समिति: (१) एम्बुलेन्स सेवा ब्यवस्थित, पारदर्शी, प्रभावकारी उपयोग, संञ्चालन, खटनपटन र ब्वस्थापनका लागि गाउँकार्यपालिकाको बैठक बाट कार्यपालिका सदस्य मध्ये बाट एक जना संयोजक चयन गरी एम्बुलेन्स सञ्चालन समिति गठन हुनेछ ।

(२) (क) संचालक समितिमा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहनेछन् ।

१. प्रमुख प्रशासकीय अधिकृत ...........सदस्य

२. गाउँपालिका को सामाजिक विकास शाखा प्रमुख......... सदस्य

३. संयोजकले मनोनित गरेको जनप्रतिनिधि वा कर्मचारी एक जना ..........सदस्य

४. गाउँपालिकाको लेखा शाखा प्रमुख.................सदस्य

५. गाउँपालिकाको स्वास्थय शाखा प्रमुख............ सदस्य सचिव

(३) उप नियम (२) को खण्ड (क) बमोजिम गठन हुने सञ्चालक समितिका संयोजक र मनोनित सदस्यहरुको पदावधी समान्यतया २ बर्षको हुनेछ । गाउँकार्यपालिकाको बैठकले कार्यकाल थप गर्न मनासुब गरेमा सदस्यको कार्यकाल आवश्यकता अनुसार थप गर्न सक्नेछ । तर यस खण्ड बमोजिम तोकिएका संयोजक एवं कुनै पनि मनोनित सदस्यको गाँउकार्यपालिकाले म्याद थप गरेको अवस्थामा बाहेक त्यस्तो सदस्यले लगातार २ बर्षभन्दा बढि समय सञ्चालक समितिमा रहि काम गर्न पाउने छैन ।

(४) कुनै सदस्यले एम्बुलेन्सको प्रभावकारी सञ्चालन र व्यवस्थापनमा बाधा पुग्ने गरी गाउँपालिकाको हित विपरित काम गरेको पाइएमा गाउँकार्यपालिकाले जुनसुकै बखत त्यस्तो सदस्यलाई समिति बाट हटाउन सक्नेछ ।

(५) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउने छ । समितिका पदाधिकारिले एम्बुलेन्स संञ्चालन कोषको रकम बाट प्रति बैठक रु. १००० का दरले मासिक बढिमा १ पटक बैठकका लागि बैठक भत्ता लिन पाउने छन । तर एम्बुलेन्स सञ्चालन कोषमा रकम नभएको खण्डमा भत्ता लिन पाइने छैन ।

६.<u>काम कर्तब्य र अधिकारः</u> (१) एम्बुलेन्स सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ब्याँस गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरि कार्यान्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्बुलेन्स दैनिक खटनपटन गर्ने ।

(ख) एम्बुलेन्स सञ्चालन भएको अवधि यकिन गरि सो को अभिलेख अध्यावधिक गरि राख्ने ।

(ग) निर्णय नभएका क्षेत्र भन्दा अन्य कार्यमा एम्बुलेन्स प्रयोग भएको पाईएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने ।

(घ) अनधिकृत प्रयोग भएको अवधिको लागि सञ्चालक समितिले चालक बाट उचित जरिवाना लगाई असुल उपर गरि सञ्चालन कोषमा जम्मा गर्न लगाउने ।

(ङ) निर्णय नभएका क्षेत्र भन्दा अन्य कार्यमा एम्बुलेन्स प्रयोग भएको र तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्बुलेन्स फिर्ता गराउने ।

(च) कुनै ब्यक्ति वा संस्थाले एम्बुलेन्स भाडामा लिई सञ्चालन गरेको अवस्थामा भाडा वापतको रकम कोषमा जम्मा गराउने ।

(छ) एम्बुलेन्स मर्मत सम्भार गर्नु पर्ने भनी चालकले दिएको निबेदन उपर आवश्यक छानविन गरी स्वीकृतिका लागि गाउँपालिका अध्यक्ष समक्ष सिफारिस गर्ने ।

(ज) एम्बुलेन्स सञ्चालनमा खटिएका कर्मचारिको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको सुरक्षित रेखदेख र ब्यवस्थापनमा निजहरुले खेलेको भुमिकाबारे गाउँपालिकाको कार्यालय लाई सुझाव दिने ।

(झ) प्रत्येक २ महिनामा एम्बुलेन्सको सञ्चालन प्रभावकारिता प्रतिवेदन गाँउकार्यपालिकामा पेश गर्ने ।

(ञ) एम्बुलेन्स सेवा वापत प्राप्त भएको सेवा सुल्क समयमै गाँउपालिकाको खातामा जम्मा भए नभएको यकिन गर्ने ।

(ट) एम्बुलेन्स सञ्चालक समितिका अन्य काम कर्तब्य र अधिकारहरु गाउँकार्यपालिकाको बैठकले गरेको निर्णय बमोजिम हुनेछन् ।

## परिच्छेद (३)

**७. कर्मचारीको नियुक्ति:** (१) एम्बुलेन्स सञ्चालनका लागि एक जना चालक करार सेवामा भर्ना गरिने । चालक कुनै कारणबस एम्बुलेन्स सेबा प्रदान गर्न असमर्थ भएमा दैनिक ज्यालादारीमा बैकल्पिक चालकको व्यवस्था गर्न सकिने छ ।

(२) उप नियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता अथवा आवश्यक आधार तयार गर्ने तथा कर्मचारि नियुक्ति सम्बन्धि सबै कार्य गाउँपालिकाले प्रचलित कानुन बमोजिम रित पुर्याई गर्ने छ ।

**८.पारिश्रकि तथा सेवाका सर्तहरु** : (१)एम्बुलेन्स चालकले कमशः हल्का शवारी चालक प्रथम तहको स्थानिय तहको कर्मचारिले पाए सरहको तलब पाउने छ ।

(२) एम्बुलेन्स चालकको उप नियम (१)बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स सञ्चालन भएको अवधिमा रात्रीकालिन रु. १००० र दिउँसो ५०० का दरले थप भत्ता पाउने छ ।

(३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुविधा एम्बुलेन्स सञ्चालन कोष बाट व्यहोरिने र अपुग रकम गाउँपालिका बाट व्यहोरीने छ ।

९.आचरण: एम्बुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ

(क) एम्बुलेन्सको उचित तरिकाले संचालन, रेखदेख र संरक्षण गर्ने र एम्बुलेन्समा बिरामी वा कुरुवाक झोला चेकजाँच गरेर मात्र राख्नुपर्ने छ ।

(ख) एम्बुलेन्स सञ्चालन भएको अवधी र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने ।

(ग) एम्बुलेन्स सञ्चालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समितिको सहमति लिनु पर्नेछ ।

(घ) एम्बुलेन्स को नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत सम्भारका लागि समु ध्यान दिने ।

(ङ) एम्बुलेन्स सञ्चालनको कममा हुन सक्ने सम्भावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने ।

(च) एम्बुलेन्सको दुर्घटना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने ।

(छ) एम्बुलेन्स सेवा वाफत प्राप्त भएको शुल्क गाउँपालिकाको खातामा जम्मा गर्नुपर्ने ।

(ज) एम्बुलेन्स सञ्चालन सम्बन्धमा सञ्चालक समिति र प्रमुख प्रशासकिय अधिकृतले दिएको निर्देशनको पालना गर्नुपर्ने ।

दिलिप सिंह बुढाथोकी
गा.पा (अध्यक्ष)

(झ) एम्बुलेन्समा कानुनले निषेध गरेका सामग्री लिन पाईने छैन । यदि एम्बुलेन्समा त्यस्तो गैरकानुनी सामग्री भेटीएमा एम्बुलेन्स चालक स्वयंम जवाफदेही हुनेछ ।

**१०. अवकाश दिन सकिने :** तोकिएको जिम्मेवारी पूरा नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई समितिको निर्णयबाट जुनसुकै बेला पदबाट हटाउन सकिने छ ।

## परिच्छेद ४

## मर्मत संभार सम्बन्धी व्यवस्था

**११. सेवा शुल्क तथा इन्धनको व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्रका सेवाग्रहीहरुले एम्बुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवाशुल्क समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) गाउँपालिका भित्र आईपर्ने प्राकृतिक विपद (बाढी,पहिरो,महामारी,) को समयमा उद्धारमा गाउँपाकिाले निशुल्क रुपमा एम्बसलेन्स सेवा प्रदान गर्ने छ ।

(३) उपनियम (१) बमोजिमको सेवाशुल्क बाट गाउँपालिकाले एम्बुलेन्सको मर्मत संभार, फ्यूल लुब्रिकेन्ट, अपरेटरको तलब भत्ता,आदिको व्यवस्था गर्नेछ ।

**(१२) एम्बुलेन्स सञ्चालन कोष :** (१) एम्बुलेन्सको नियमित मर्मत संभार तथा कर्मचारीहरुको तलब भत्ताको व्यवस्था गरी एम्बुलेन्सको नियमित सञ्चालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स सञ्चालन कोष खडा गरिनेछ ।

(२) उप विनियम (१) बमोजिम खडा गरिने एम्बुलेन्स सञ्चालन कोषमा देहायबमोजिमको रकम समेत जम्मा गरिनेछ ।

(क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवा शुल्क वापतको रकम ,

(ख) भाडामा प्रयोग गर्न दिएको बेलामा भाडा बापत प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय सरकारबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

(घ) अन्य दातृ निकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम,आदी

**(१३) कोष सञ्चालन र उपयोग:** (१) एम्बुलेन्स सञ्चालन कोष प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त हस्ताक्षर बाट सञ्चालन गरिने छ ।

(२) एम्बुलेन्स सञ्चालन कोषमा जम्मा भएको रकम एम्बुलेन्स मर्मत सम्भार चालकको तलब भत्ता ईन्धन लागि खर्च गरिने छ ।

**(१४) <u>लेखा र लेखा परिक्षण :</u>**(१) एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

2080/10/22

दिलिप सिंह बुढाथोकी
ब्याँस गा.पा (अध्यक्ष)

(१५) बिवादको समाधान: (१) एम्बुलेन्स सञ्चालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै बिवाद उत्पन्न भएमा एम्बुलेन्स सञ्चालक समितिले सम्बन्धित पक्षसंग छलफल गरी समाधान गर्नेछ।

(१६) भाडामा दिन सकिने: (१) गाउँपालिकाले एम्बुलेन्स सञ्चालन गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति वा संस्था मार्फत एम्बुलेन्स सञ्चालन गर्न उपयुक्त देखिएमा एम्बुलेन्स सञ्चालक समितिले सिफारिस गरेको अवस्थामा गाउँकार्यपालिकाको बैठकले निर्णय गरी एम्बुलेन्स भाडामा दिन सक्नेछ।

(२) एम्बुलेन्स भाडामा दिदा प्रतिदिन वा महिनाको भाडादर तथा अन्य सर्तहरु एम्बुलेन्स सञ्चालक समितिको सिफारिसमा गाउँकार्यपालिको बैठकले निर्धारण गरेबमोजिम हुनेछ।

(१७) एम्बुलेन्स प्रयोग शुल्क: (१) एम्बुलेन्स प्रयोग शुल्क सञ्चालक समितिले तयार गरी गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि लागु गरिनेछ।

(१८) कार्यविधि संसोधन: यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नुपरेमा कार्यपालिकाको बैठक बसेर थपघट गर्न सकिन्छ।

(१९) प्रचलित कानुन बमोजिम हुने: यस कार्यबिधिमा लेखिएको कुराको हकमा यसै बमोजिम नलेखिएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

2080/10/25

दिलिप सिंह बुढाथोकी
ब्याँस गा.पा (अध्यक्ष)